# रावा बेसी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हरमटार कुभिण्डे, खोटाङ
१ नं प्रदेश, नेपाल

Website :rawabesimun.gov.np
Email Adress:rawabesigaupalika@gmail.com


पत्र संख्या :-२०७६/०७७
चलानि नं.:

मिति : २०७६/०८/२९

**सुचना ।** **सुचना ।।** **सुचना ।।।**

प्रस्तुत विषयमा रावा वेसी गाउँपालिका हरमटार कुभिण्डे खोटाङको आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार"**माटो परिक्षण शिविर २०७६**"तपशिलको मिति र स्थानमा संचालन गरिने भएको हुँदा व्यावसायिक फलफुल तथा तरकारी खेति गर्न चाहाने कृषकहरुले आफ्नो खेति गर्ने जमिनको प्रतिनिधित्व हुने गरि माटोको नमुना संकलन गरि माटो नमुना संकलन फारम भरि २०७६ **पौष १५** गते भित्र माटो परिक्षण शिविरको लागि माटोको नमुना रावा वेसी गाउँपाकाको कृषि विकास शाखा,हरमटार कुभिण्डे खोटाङमा पठाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

## आवश्यक प्रक्रियाहरु

१) एउटा नमुना तयार गर्नको लागि कम्तिमा ६ ठाउको माटोको नमुना लिनु पर्ने छ ।

२) तरकारी र अन्न बालिको लागि माटोको नमुना लिदा २० से.मि. सम्मको गहिराई बाट लिनु पर्नेछ ।

३) फलफुल खेतिको लागि माटोको नमुना लिदा कम्तीमा ३ फिट सम्मको गहिराई बाट लिनु पर्नेछ ।

४) एउटा माटोको नमुना तौल ३०० ग्राम सम्म हुनु पर्ने छ ।

५) माटो परिक्षणको लागि नमुना पठाउदा अनिबार्य रुपमा माटो नमुना संकलन फारम अनिवार्य रुपमा भर्नु पर्ने छ अन्यथा माटोको नमुना परिक्षण हुने छैन ।

६) माटोको नमुना संकलनको लागि कृषि प्राविधिक वा कार्यालयले खटाएको श्रोत व्यक्तिको सहयोग लिन सक्नु हुने छ ।

७) माटोको नमुना संकलन एकै ठाउको धेरै नभएर धेरै ठाउको थोरै नमुना लिईने छ ।

८) माटोको नमुना संकलनको लागि प्राविधिकहरुले प्राविधिक सहयोग गर्ने छ नमुना संकलन गर्ने र पठाउने काम स्वयम कृषकले गर्नु पर्ने छ ।

९) माटो परिक्षण कार्य सम्पन्न भए पश्चात माटोको रिर्पोट कार्ड लिई रिर्पोट अनुसार माटोको व्यावस्थापन कृषक स्वयमले गर्नु पर्ने छ ।

**आयोजक**
रावा वेसी गाउँपालिका
हरमटार,कुभिण्डे,खोटाङ

**तपशिल**

***शिविर संचालन हुने मिति : २०७६ पौष १६ र १७ गते***

***शिविर संचालन हुने स्थान : रावा वेसी गाउपालिकाको कार्यालय,हरमटार,कुभिण्डे,खोटाङ***

.............................
मुगाधन राई
कृषि संयोजक ,९८१६७८७२३२

मुगाधन राई
कृषि शाखा प्रमुख
रावा वेसी गाउँपालिका

.............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

**रेख बहादुर थापा**
**प्रमुख प्रशासकीय अधिकृत**